अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।०९ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कैलाली, बर्दगोरिया गाउँपालिका, वडा न.४ स्थित श्री जगन्नाथ आधारभूत विद्यालयमा कार्यरत बालविकास सहयोगी कार्यकर्ता शिक्षक हरिराम डंगौराको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज हरिराम चौधरी भन्ने हरिराम डंगौरा थारुले राष्ट्रसेवक पद बालविकास सहयोगी कार्यकर्ता (शिक्षक) को लागि श्री मालिका माध्यमिक विद्यालय, चौमाला, कैलालीबाट SLC उत्तीर्ण गरेको भनी SLC Mark Sheet र Character Certificate सहितको झुट्टा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी ओहदा, लाभ, सुविधा प्राप्त गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने